गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
**एकीकृत सेवा कार्यालय**
**पर्वत**

प.सं०८२/०८३
च.सं २२०

## महिलाहरुका लागि नि:शुल्क लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी सूचना !!!

**दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/११/२८**

यस एकीकृत सेवा कार्यालय पर्वतको चालु आ.व.०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार महिलाहरुका लागि २० दिने नि:शुल्क लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा यो सूचना प्रकाशित भएको मिति देखि ७ दिन भित्र तोकिएको ढाँचामा आवश्यक कागजातहरु सहितको आवेदन पेश गर्नु हुन सम्बन्धित इच्छुक महिलाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | सहभागीहरुको योग्यता, उमेर र सहभागी संख्या | निवेदन पेश गर्ने स्थान र समय | कैफियत |
|---|---|---|---|
| महिलाहरुका लागि नि:शुल्क लोकसेवा तयारी कक्षा सञ्चालन (अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितीय श्रेणी/सहायकस्तर चौथो तह) | **योग्यता:**SLC/SEE वा सो सरह उत्तीर्ण। **उमेर:**४० बर्ष ननाघेका । **सहभागी संख्या: ३० जना** (मापदण्डले निर्धारण गरेभन्दा भन्दा बढी आवेदन परेमा अन्तर्वार्ताद्वारा उत्कृष्ट सहभागी छनौट गरिनेछ ।) | **स्थान: एकीकृत सेवा कार्यालय पर्वत । समय:** मिति:२०८२/१२/०५गतेसम्म कार्यालय समय भित्र। | आदिबासी जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी तथा यस पूर्व यस्तो कक्षाको अवसर नपाएका महिलाहरुलाई प्राथमिकता दिइनेछ । |

**आवश्यक कागजातहरू:-**

- आवेदन \निवेदन फाराम ।
- आदिबासीजनजाती, दलित, अपाङ्गता भएका व्यक्ति,मधेसी लगायतका समावेशी समूहको लागि आफ्नो समूह प्रमाणित हुने कागजात ।
- निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र लोकसेवा आयोगले निर्धारण गरे बमोजिमको मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह वा सो भन्दा माथिल्लो तहको चारित्रिक प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रतिलिपी ।
- रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु दर्ता गरिने छैन ।
- थप जानकारीका लागि एकीकृत सेवा कार्यालय,पर्वत सम्पर्क गर्न सक्नु हुनेछ ।

२०८२।११।२८
.................
गोविन्द प्रसाद पौडेल
कार्यालय प्रमुख

फोन नं. 067420118
Email: csidbparbat@gmail.com

Scanned with CamScanner